# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्या: १२, कार्तिक १७ गते, २०८२ साल

व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र (नियमित गर्ने) कार्यविधि (दशौं संशोधन), २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।७।१६

व्यास नगरपालिकाको निर्माण व्यवसायी इजाजत पत्र (नियमिति गर्ने) कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | | कार्यविधिको दफा ६ को उपदफा ५ पछि उपदफा ६ मा थप "यस कार्यालयमा दर्ता भै सञ्चालनमा रहेको फर्महरु पर्यटन तथा उद्योग कार्यालयको सिफारिस, उद्योग तथा वाणिज्य कार्यालयमा उद्योग पञ्जीकरण गरिएको सिफारिस तथा उद्योग विभागको फर्म स्थानान्तरण स्वीकृति पत्रका साथै स्थानान्तरण भै जान चाहेको सम्बन्धित पालिकाको कार्यालय रहने ठेगाना सहितको सहमति प्राप्त गरी आएमा नियमानुसार शुल्क लिई निर्माण व्यवसायी इजाजत पत्र स्थानान्तरण गर्न स्वीकृति दिने ।" |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत